Publish Date: 2082-06-25

त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय, बल्खु

## ४ वर्षे स्नातक तह चौथो वर्षको पूरक परीक्षामा सहभागी हुने परीक्षार्थीहरूका लागि परीक्षा आवेदन फाराम भर्ने सूचना

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र संकाय र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तह चौथो वर्ष २०८१ को वार्षिक परीक्षामा सम्मिलित परीक्षार्थीहरुलाई त्रि.वि.प्राज्ञिक परिषद्‌द्वारा पूरक परीक्षामा सम्मिलित गराउने निर्णय अनुसार तपसिल बमोजिमका परीक्षार्थीहरुलाई उक्त परीक्षामा सम्मिलित हुन यो सूचना प्रकाशित गरिएको छ ।

**१. पूरक परीक्षा आवेदन फाराम सम्बन्धमा :**

क) पूरक परीक्षा आवेदन फाराम भर्न स्नातक तह चौथो वर्ष २०८१ को नियमित परीक्षार्थी हुनु पर्नेछ ।
ख) परीक्षा आवेदन खोलेको मिति भित्र प्रथम, द्वितीय र तृतीय वर्षका सबै परीक्षाहरु (प्रयोगात्मक परीक्षा समेत) उत्तीर्ण भएको हुनु पर्नेछ ।
ग) चौथो वर्ष २०८१ को परीक्षामा बढीमा दुई विषयमा अनुत्तीर्ण वा अनुपस्थित परीक्षार्थी मात्रै सहभागी हुन पाउने छन् ।
घ) पूरक परीक्षामा सहभागी परीक्षार्थीहरुलाई २०८१ सालको चौथो वर्षकै रोल नम्बरबाट परीक्षामा सहभागी गराइने भएकोले परीक्षा आवेदनमा सोही रोल नम्बर उल्लेख गरी आवेदन फाराम भर्नु पर्नेछ ।
ङ) परीक्षा आवेदन फाराम भर्ने मिति २०८२ असोज २६ गतेदेखि कार्तिक १४ गतेसम्म कायम गरिएकोले उक्त अवधि भित्र १ (क) देखि (घ) सम्म प्रक्रिया पूरा गरेका परीक्षार्थीहरुले सम्वन्धित क्याम्पसबाट अनलाईन मार्फत परीक्षा आवेदन भर्नु पर्नेछ ।
च) प्रयोगात्मक परीक्षा तथा आन्तरिक मूल्याङ्कनमा अनुपस्थित एवं अनुत्तीर्ण भएका विद्यार्थीहरूले समेत फाराम भरी सम्बन्धित विषयहरुको प्राप्ताङ्कहरू सम्बन्धित क्याम्पस/कलेजहरूले आवेदन फारामको अवधि समाप्त भएको ७ दिन भित्र प.नि.का.,बल्खु वा सम्बन्धित क्षे.प.नि.का.मा बुझाई सक्नु पर्नेछ ।
छ) परीक्षा केन्द्रहरु प्रत्येक प्रदेशमा एक एक वटा कायम गरिएका छन् । साथै काठमाडौं उपत्यका आसपासका जिल्लाहरुका परीक्षार्थीहरुको परीक्षा केन्द्र पछि प्रकाशित गरिनेछ ।

**परीक्षा केन्द्रहरु :**

i) डिग्री क्याम्पस, विराटनगर परीक्षा केन्द्र :
कोशी प्रदेश अन्तर्गतका सम्पूर्ण क्याम्पसका सम्पूर्ण परीक्षार्थीहरु, सिरहा र सप्तरी जिल्लाका क्याम्पसहरुका सम्पूर्ण परीक्षार्थीहरु

ii) जनज्योति बहुमुखी क्याम्पस, चन्द्रनिगाहपुर, रौतहट परीक्षा केन्द्र :
धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र सिन्धुली जिल्लाका सम्पूर्ण परीक्षार्थीहरु

iii) पृथ्वी नारायण क्याम्पस, पोखरा परीक्षा केन्द्र :
गण्डकी प्रदेश अन्तर्गतका सम्पूर्ण क्याम्पसका सम्पूर्ण परीक्षार्थीहरु

iv) भैरहवा बहुमुखी क्याम्पस, भैरहवा परीक्षा केन्द्र :
रुपन्देही, नवलपरासी (पूर्व र पश्चिम), कपिलवस्तु, अर्घाखाँची, गुल्मी र पाल्पा जिल्लाका सम्पूर्ण परीक्षार्थीहरु

v) महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज परीक्षा केन्द्र :
बर्दिया, बाँके, दाङ र कर्णाली प्रदेश अन्तर्गतका सम्पूर्ण क्याम्पसका सम्पूर्ण परीक्षार्थीहरु

vi) एसियन व्यवस्थापन कलेज,धनगढी परीक्षा केन्द्र :
सुदूर पश्चिम प्रदेश अन्तर्गतका सम्पूर्ण क्याम्पसका सम्पूर्ण परीक्षार्थीहरु

vii) काठमाडौं परीक्षा केन्द्र :
दोलखा, रामेछाप, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट, धादिङ्ग, मकवनपुर, चितवन, र काठमाडौं उपत्यका अन्तर्गतका सम्पूर्ण क्याम्पसका सम्पूर्ण परीक्षार्थीहरु (केन्द्र पछि प्रकाशन गरिनेछ)

Scanned with CamScanner

२. परीक्षा आवेदन फाराम भर्ने म्याद र शुल्क सम्बन्धमा :

क) काठमाडौं उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि. का.को नाममा बैंक भौचर २ दिन भित्र परीक्षा आवेदन फाराम सहित अनिवार्य रुपमा त्रि.वि.प.नि.का., बल्खुमा बुझाई सक्नुपर्नेछ। उपत्यका बाहिरका क्याम्पसहरुले उक्त बैंक भौचर ४ दिन भित्र परीक्षा आवेदन फाराम सहित सम्बन्धित क्षे.प.नि.का.मा बुझाउन पर्नेछ र प.नि.का.क्षेत्र अन्तर्गत उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि.प.नि.का.,बल्खुमा बुझाई सक्नुपर्नेछ।

ख) परीक्षा फारामहरु बुझाउँदा परीक्षा आवेदन फाराम भर्ने अन्तिम मितिको भोलिपल्ट सम्बन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्बन्धित शाखामा बुझाउनु पर्नेछ।

३. परीक्षा शुल्क सम्बन्धमा :

| | |
|---|---|
| क) परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | रु.१०००।- |
| ख) परीक्षा आवेदन फाराम शुल्क | रु.१००। |
| ग) परीक्षा केन्द्र शुल्क प्रति खण्ड | रु.१५०।- |
| घ) प्रयोगात्मक परीक्षा प्रति खण्ड एक विषयका लागि शुल्क | रु.२००।- |
| ङ) दुई वा सो भन्दा बढी विषयका लागि प्रयोगात्मक परीक्षा शुल्क | रु.३००।- |
| च) शिक्षण अभ्यास शुल्क<br>(रु.३५०।- मध्ये रु.५०।- प.नि.का., बल्खु र रु.१५०।- शिक्षाशास्त्र संकाय, डीनको कार्यालय, र रु.१५०।- सम्बन्धित क्याम्पसको खातामा राख्नुपर्नेछ। | रु.३५०।- |
| छ) फिल्ड वर्क, टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | रु.३००।- |

४) परीक्षा शुल्क बुझाउने सम्बन्धमा :

क) काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले त्रि.वि.कीर्तिपुर/बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१०००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

ख) क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको च.हि.नं ०९१००१०११०१३४००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

ग) क्षे.प.नि.का.विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, विराटनगर स्थित नेपाल बैंक लिमिटेड, बजार अड्डा शाखाको च.हि.नं १००००१००९२२१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

घ) क्षे.प.नि.का.नेपालगंज क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क त्रि.वि.क्षेत्रीय परीक्षा नियन्त्रण कार्यालय, नेपालगंज स्थित ग्लोबल आईएमई बैंक लिमिटेड, त्रिभुवन चोक, बाँके च.हि.नं २१०१०१००००००७६ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ।

ङ) क्षे.प.नि.का.अत्तरिया क्षेत्रको हकमा काठमाडौं त्रि.वि.प.नि.का., बल्खुको परिसरमा भित्र रहेको ग्लोबल आईएमई बैंक लिमिटेको आम्दानी खाता नं. ०५०१०१०००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का.को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

SK.Kalani
नि.परीक्षा नियन्त्रक

Scanned with CamScanner